साँफेबगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड -०४ संख्या -०७ मिति :२०७७/१२/२२

## भाग - ०२

## साँफेबगर नगरपालिकाको बाल अधिकार समिति, बाल संजाल समिति गठन, व्यवस्थापन तथा परिचालन कार्यविधी -२०७७

आज्ञाले

लक्ष्मी प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिकाको बाल अधिकार समिति, बाल संजाल समिति गठन, व्यवस्थापन तथा परिचालन कार्यविधी -२०७७

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/१२/२१**

प्रस्तावना:

साँफेबगर नगर क्षेत्र भित्र रहेका बालबालिकाहरुको अधिकारका सवालहरुलाई उजागर गरि सामाजिक विकासका विविध क्षेत्रहरुमा मुल प्रवाहिकरण गर्ने तथा नगरक्षेत्रको भविष्यलाई सुरक्षित गर्ने बाल अधिकारको सुरक्षाको लागि कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले,

"स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ र साफेबगर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४" को व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "साँफेबगर नगरपालिकाको बाल अधिकार समिति, बाल संजाल समिति गठन, व्यवस्थापन तथा परिचालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत गरि राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "बालबालिका" भन्नाले अठार बर्ष पुरा नभएका व्यक्तिलाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ तथा साँफेबगर नगरपालिकाको प्रशासकीय गतिविधि नियमित गर्ने बनेको ऐन २०७५ समेतलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नालेसाँफेबगर नगर कार्यपालिकालाईसम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ङ) "उप-प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(च) "कार्यपालिका सदस्य" भन्नाले साँफेबगर नगर कार्यपालिकाका सदस्यलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "सम्बन्धित शाखा" भन्नाले साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखालाई सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले यस कार्यविधि अनुसार गठित बालअधिकार समितिलाई सम्झनु पर्छ ।

(ञ) "बालअधिकार" भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय ऐन, नियम तथा सन्धी सम्झौताले तोकेको बालबालिकाको अधिकार सम्झनु पर्छ ।

(ट) "वडा अध्यक्ष" भन्नाले साँफेबगर नगरपालिका अन्तर्गतका वडाहरुका अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) "वडासदस्य" भन्नाले साँफेबगर नगरपालिका अन्तर्गतका वडा कार्यसमितिका सदस्यहरुलाई सम्झनु पर्छ ।

(ड) "सामाजिक संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामुलक बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थालाई सम्झनु पर्छ ।

(ढ) "निजि संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको नाफामुलक संस्था तथा कम्पनीलाई सम्झनु पर्छ ।

(ण) "संजाल समिति" भन्नाले यस कार्यविधी बमोजिम गठित बाल संजाल समितिहरुलाई सम्झनु पर्छ

(त) "संरक्षण समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित बाल संरक्षण समितिलाई सम्झनु पर्छ

## परिच्छेद- २

## साँफेबगर नगर बालअधिकार समितिको गठन तथा काम कर्तव्य र अधिकार

३. साँफेबगर नगर बालअधिकार समितिकोगठन:(१)साँफेबगर नगरक्षेत्र भित्रको बाल अधिकारको विषय उठान गर्ने तथा बाल अधिकार सम्बन्धी अन्य कार्यहरु प्रभावकारी रुपमा संचालन गर्न गराउन साँफेबगर नगर बाल अधिकार समितिको गठन कार्यपालिकाको बैठकले गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका२५ (पच्चीस) सदस्यहरु रहनेछन:-

| | |
|---|---|
| (क) उप-प्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य - | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत - | सदस्य |
| (ग) कार्यपालिका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको दलित सदस्य - | सदस्य |
| (घ) १४ वटै वडा अध्यक्षहरु - | सदस्य |
| (ङ) साँफेबगर नगरक्षेत्रको पत्रकार महासंघको प्रतिनिधी - | सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख - | सदस्य |
| (छ) शिक्षा शाखा प्रमुख- | सदस्य |
| (ज) शिक्षक महासंघ प्रतिनिधि - | सदस्य |

(झ)नगर प्रमुखले तोकी पठाएका नगर स्तरीय बाल क्लवका बालक वा बालिका १ जना - सदस्य

(ञ) ईलाका प्रहरी कार्यालय, साँफेबगर प्रमुख वा प्रतिनिधी - सदस्य

(ट) नगर क्षेत्रमा काम गर्ने गै.स.स प्रतिनिधी - सदस्य

(ठ) सम्बन्धित शाखा प्रमुख- सदस्य सचिव

४. समितिको बैठक सम्बन्धी व्यवस्था:

१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

२) कम्तिमातिन महिनाको एक पटक समितिको बैठक बस्नेछ । समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान अध्यक्षको निर्देशन अनुसार तोकी छलफल हुने विषयसूची सहितको लिखित जानकारी बैठक बस्ने समय भन्दा ४८ घण्टा अगावै सबै सदस्यहरुले पाउने गरि पठाउनु पर्नेछ ।

३) समितिमा पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४) उपदफा (२)र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले नगर प्रमुख संग समन्वय गरि जुनसुकै बेला पनि बैठक बोलाउन सक्नेछ र यस्तो अवस्थामा अध्यक्ष र घटीमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित हुनुपर्नेछ ।

५) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

६) समितिको निर्णय बहुमत द्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

७) समितिले आवश्यकता अनुसार सम्बन्धीत निकाय वा संघ संस्थाको प्रतिनिधी वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८) समितिको बैठक सम्बन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी जिम्मेवारी पुर्वक सुरक्षित राख्नेछ ।

१०) पदाधिकारीहरुको बैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम नै रहने छ ।

५. <u>समितिको काम कर्तव्य र अधिकारहरु</u>:साँफेबगर नगर बाल अधिकार समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बाल अधिकार सूचक फारमको आधारमा नगर क्षेत्र भित्रका बालबालिकाको तथ्यांक र सुचना संकलन गर्ने, अध्यावधिक गर्ने र आवश्यकता अनुसार वितरण गर्ने ।

(ख) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने तथा अन्तरिम संरक्षण गर्ने गराउने।

(ग) बाल अधिकार संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सृजना गर्ने गराउने।

(घ) बाल अधिकारका निमित्त विकासका सांझेदार तथा जिल्लास्तरका अन्य निकायहरु बीच समन्वय गर्ने र बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने।

(ङ) बाल अधिकार हनन भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानुनी कारबाहीमा आवश्यक सहयोग गर्ने।

(च) बाल संरक्षण गर्ने, गराउने।

(छ) साँफेबगर नगरपालिकाको क्षेत्रमा संचालन भएका कार्यक्रमहरु बीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने।

(ज) स्थानीय संघ संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव दिने।

(झ) संघीय र प्रदेश स्तरीय बालअधिकार समिति संग समन्वय गरि कार्यक्रम संचालन गर्ने, गराउने।

(ञ) बालअधिकार सम्बन्धी बार्षिक कार्ययोजना तयार गरि नगर कार्यपालिकामा पेश गर्ने।

(ट) बार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने।

## <u>परिच्छेद-३</u>

## <u>वडा स्तरीय बालअधिकार समितिको गठन तथा काम, कर्तव्य र अधिकार</u>

६. <u>वडा स्तरीय बाल समितिको गठन</u>: (१)साँफेबगर नगरपालिकाको वडा तहमा बालअधिकारको क्षेत्रमा कामगर्न प्रत्येक वडामा वडा कार्यसमितिको बैठकले वडा स्तरीय बालअधिकार समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका बढीमा ९ (नौ) सदस्यहरु रहनेछन:-

(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) वडा अध्यक्षले तोकी पठाएका वडा स्तरीय बाल क्लबका प्रतिनिधी बालक र बालिका गरि दुई जना - सदस्य

(घ) वडा अध्यक्षले तोकी पठाएको शिक्षक प्रतिनिधि - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

७. वडा स्तरीय बालअधिकार समितिको बैठक सम्बन्धी व्यवस्था :

१. अध्यक्षले तोकेको मिति समय र स्थानमा समितिको बैठक बस्नेछ ।

२. समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ ।समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति समय र स्थान तोकी बैठकमा छलफल हुने बिषयको सुची सहितको लिखित सुचना बैठक बस्ने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै सम्पूर्ण सदस्यले पाउने गरि पठाउनु पर्नेछ ।

३. समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४. उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

५. समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

६. समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

७. समितीले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधी र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८. समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरि सुरक्षितरुपमा राखेनेछ ।

८. वडा स्तरीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार:समितिको काम,, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. वडा क्षेत्र भित्रका बालबालिकाको तथ्यांक र सुचना संकलन गर्ने तथा अध्यावधिक गर्ने गराउने।

ख. विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने र वडा कार्यालयमा सिफारिश गर्ने ।

ग. बालअधिकार संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि तथा जागरण सिर्जना गर्ने, गराउने।

घ. बालअधिकार हनन भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानुनी कारबाहीमा आवश्यक सहयोग गर्ने ।

ङ. वडा स्तरमा संचालन भएका कार्यक्रमहरु बिच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

च. स्थानीय संघ संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने किसिमको कार्यक्रम संचालन गर्नको लागि आवश्यक परामर्श तथा सुझाव दिने ।

छ. वडा स्तरमा हुने बाल-विवाहका घटनाहरुको निगरानी गर्ने तथा सम्बन्धित पक्षलाई आवश्यक सुझाव तथा परामर्श दिने ।

ज. बालअधिकार सम्बन्धी बार्षिक कार्ययोजना तयार गरि वडा कार्यालयमा पेश गर्ने ।

झ. कार्यक्रम कार्यान्वयनको बार्षिक प्रगति प्रतिवेदन वडा कार्यसमिति मार्फत नगर कार्यपालिकाको बैठकमा पेश गर्ने ।

## परिच्छेद-४

## नगर स्तरीय बाल संजाल समितिको गठन तथा काम, कर्तव्य र अधिकार

९. नगर स्तरीय बाल संजाल समितिको गठन: (१)साँफेबगर नगरपालिका क्षेत्रमा क्रियाशील रहने गरि नगर प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्यको अध्यक्षतामा हुने बाल भेलाले नगर स्तरीय बाल संजाल समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका पन्ध्र (१५) सदस्यहरु रहनेछन:-

(क) भेलाले सर्बसम्मत रुपमा चयन गरेको १ जना - अध्यक्ष

(ख) भेलाले बहुमतबाट चयन गरेको कम्तिमा ६ जना बालिका सहितको १३ जना - सदस्य

(ग) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

१०. नगर स्तरीय बाल संजाल समितिको बैठक सम्बन्धी व्यवस्था :

१. अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

२. समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ ।समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने बिषयको सुची सहितको लिखित सुचना बैठक बस्ने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै सम्पूर्ण सदस्यले पाउने गरि पठाउनु पर्नेछ ।

३. समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४. समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरि सुरक्षितरुपमा राख्नेछ ।

५. पदाधिकारीहरुको बैठक भत्ता कार्यपालिका बैठकले तोके अनुसार नै हुनेछ ।

११. नगर स्तरीय बाल संजाल समितिको काम, कर्तव्य र अधिकार:समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. बालबालिकाको तथ्यांक र सुचना संकलन गर्ने तथा अध्यावधिक गर्ने गराउने कार्यमा सहजीकरण गर्ने।

ख. विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने र वडा कार्यालयमा सिफारिश गर्ने कार्यमा सहजीकरण गर्ने।

ग. बालअधिकार संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि तथा जागरण सिर्जना गर्ने, गराउनेकार्यमा सहजीकरण गर्ने।

घ. बालअधिकार हनन भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानुनी कारबाहीमा आवश्यक सहयोग गर्ने ।

ङ. नगर क्षेत्रमा संचालन भएका कार्यक्रमहरु बिच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यमा सहजीकरण गर्ने।

च. नगर क्षेत्रमा हुने बाल-विवाहका घटनाहरुको निगरानी गर्ने तथा सम्बन्धित पक्षलाई आवश्यक सुझाव तथा परामर्श दिने ।

छ. नगर बालअधिकार समिति तथा नगर कार्यपालिकाको कार्यालय संगको समन्वयमा चेतना मुलक कार्यक्रम तथा प्रतियोगिताहरु संचालन तथा व्यवस्थापन गर्ने ।

ज. नगर बालअधिकार समितिको निर्देशन अनुसारको काम कारबाही गर्ने गराउने ।

## परिच्छेद-५

## वडा स्तरीय बाल संजाल समितिको गठन तथा काम कर्तव्य र अधिकार

१२. वडा स्तरीय बाल संजाल समितिको गठन: (१)साँफेबगर नगरपालिकाको वडा क्षेत्रमा क्रियाशील रहने गरि वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको अध्यक्षतामा हुने बाल भेलाले सम्बन्धित वडा स्तरीय बाल संजाल समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका सात (७) सदस्यहरु रहनेछन:-

क.भेलाले सर्बसम्मत रुपमा चयन गरेको १ जना - अध्यक्ष

ख.भेलाले बहुमतबाट चयन गरेको कम्तिमा ३ जना बालिका सहितको ५ जना - सदस्य

ग.वडा सचिव वा निजले तोकेको वडा कर्मचारी - सदस्य सचिव

१३. वडा स्तरीय बाल संजाल समितिको बैठक सम्बन्धी व्यवस्था :

१. अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

२. समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ ।समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति समय र स्थान तोकी बैठकमा छलफल हुने बिषयको सुची सहितको लिखित सुचना बैठक बस्ने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै सम्पूर्ण सदस्यले पाउने गरि पठाउनु पर्नेछ ।

३. समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४. समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरि सुरक्षितरुपमा राख्नेछ ।

१४. <u>वडा स्तरीय बाल संजाल समितिको काम, कर्तव्य र अधिकार</u>:समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. बालबालिकाको तथ्यांक र सुचना संकलन गर्ने तथा अध्यावधिक गर्ने गराउने कार्यमा सहजीकरण गर्ने।

ख. विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने र वडा कार्यालयमा सिफारिश गर्ने कार्यमा सहजीकरण गर्ने।

ग. बालअधिकार संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि तथा जागरण सिर्जना गर्ने, गराउने कार्यमा सहजीकरण गर्ने।

घ. बालअधिकार हनन भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानुनी कारबाहीमा आवश्यक सहयोग गर्ने ।

ङ. वडा स्तरमा संचालन भएका कार्यक्रमहरु बिच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यमा सहजीकरण गर्ने।

च. वडा क्षेत्रमा हुने बाल-विवाहका घटनाहरुको निगरानी गर्ने तथा सम्बन्धित पक्षलाई आवश्यक सुझाव तथा परामर्श दिने ।

छ. वडा बालअधिकार समिति तथा वडा कार्यालय संगको समन्वयमा चेतना-मुलक कार्यक्रम तथा प्रतियोगिताहरु संचालन तथा व्यवस्थापन गर्ने ।

ज. वडा बालअधिकार समितिको निर्देशन अनुसारको काम कारबाही गर्ने गराउने।

१५. विद्यालय स्तरीय बाल संरक्षण समिति गठन गर्न सकिने :

१. विद्यालय व्यावस्थापन समितिको प्रमुख आथित्यतामा र विद्यालयका प्रधानाध्यापकको अध्यक्षतामा भएको विद्यालय स्तरीय बाल भेलाले ९ देखि १५ सदस्यीय विद्यालय स्तरीय बाल संरक्षण समिति गठन गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३. विद्यालय क्षेत्रमा बालबालिकाको अवस्थालाई निगरानी गरि विद्यालय परिवारलाई सहयोग गर्नु समितिको प्रमुख कर्तव्य हुनेछ ।

४. समितिको काम कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद -६
## बचाउ र खारेजी

१६. साँफेबगर नगर क्षेत्रमा यस अघि बालअधिकार सम्बन्धी भएका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१७. यस कार्यविधिको दफा तथा उपदफा प्रदेश र संघीय कानुन संग बाझिएको हकमा स्वत: खारेज भएको मानिनेछ ।

**प्रमाणीकरण गर्नेको नाम : लक्ष्मी प्रसाद शर्मा**
**,, गर्नेको पद : प्रमुख प्रशासकीय अधिकृत**
**,, मिति : २०७७/१२/२२**